# प्रयोगात्मक प्रवृत्तिका आलोकमा फर्सीको जरा कविता

नित्यानन्द खतिवडा, विद्यावारिधि[१]


## सारलेख

*प्रयोग पाश्चात्य जगत्मा जन्मिएर विकसित भएको एउटा साहित्यिक चिन्तन हो । नाटक, चित्रकला, कविता आदि क्षेत्रमा देखापरेको नवीन यो मान्यता पश्चिममा 'वाद' का रूपमा भने देखिएको पाईंदैन । प्रयोगात्मक कवितामा परम्पराभिन्न कथ्य, शिल्पशैली आदिमा नवीनता पाइन्छ । अमूर्त विषय, विशृङ्खलित भाषा, अस्तित्ववादी, विसङ्गतिवादी र प्रतीकवादी चेत, समग्रता, संरचनागत नयाँपन, असम्बद्ध भावबिम्ब प्रयोगात्मक कविताका मुख्य प्रवृत्तिहरू हुन् । नेपाली काव्य साहित्यका सन्दर्भमा कवि मोहन कोइरालाको २०१७ सालको 'रूपरेखा' पत्रिकामा प्रकाशित 'घाइते युग' कविताबाट प्रयोगात्मक कविता लेखनको थालनी भएको हो । नेपाली साहित्यका क्षेत्रमा 'प्रयोगवाद' शब्द नै प्रचलित रहेको छ । मोहन कोइरालाको वि.सं.२०२१ सालको 'फर्सीको जरा' एउटा विशिष्ट प्रयोगवादी कविता हो, जसमा प्रयोगात्मक कवितामा पाइने प्रायः प्रवृत्तिहरू समाविष्ट रहेका छन् । कथ्य, भाषा, संरचना, शीर्षक, शैली आदिमा नवीनता रहेको यस कविताको प्रकाशनपछि नै कोइरालाको प्रयोगवादी कवित्वचेत अझ फराकिलो बन्न पुगेको छ । कोइरालाका २०२९ अघिका कवितामा रहेको असम्प्रेष्य प्रवृत्ति २०३० पछि भने केही सम्प्रेष्य बन्न पुगेका छन् । नेपाली प्रयोगवादी कविताको विकासमा कोइरालाबाहेक ईश्वरवल्लभ, कृष्णभक्त श्रेष्ठ, वानिरा गिरी, पारिजात, उपेन्द्र श्रेष्ठ आदि कविहरूको विशेष देन रहेको पाइन्छ । यस लेखमा प्रयोगवादी कवि मोहन कोइरालाको कवित्वचेतलाई देखाउँदै प्रयोगात्मक प्रवृत्तिहरू केके हुन् र फर्सीको जरा कवितामा उक्त प्रवृत्तिहरू कसरी आएका छन् भन्ने विषयको विश्लेषण गरिएको छ ।*


***शब्दकुञ्जी*** : प्रयोगवाद, फर्सीको जरा, विशृङ्खलित भाषा, समग्रता, विसङ्गति, अस्तित्ववादी र प्रयोगवादीचेत।

## १. विषयप्रवेश

कविता साहित्यको एउटा महत्त्वपूर्ण विधा हो । साहित्यको श्रव्य भेदअन्तर्गत गद्यका व्यतिरेकमा पद्य वा कविता समेटिन्छ । 'कवि' शब्दमा 'ता' प्रत्यय लागेर निर्माण भएको 'कविता' शब्दले कविको कर्म वा भावना भन्ने अर्थ दिन्छ । कविताको जन्म पाश्चात्य जगत्मा भयो भने विभिन्न आरोह अवरोह हुँदै नेपाली साहित्यमा वि.सं.१८२६ तिरबाट प्रवेश पाएको देखिन्छ । यो क्रम प्राथमिक काल १८२६, माध्यमिक काल १९४० र आधुनिक काल १९७५ हुँदै आजसम्म चलिरहेको छ । १९७५ देखि आजसम्म फैलिएको आधुनिक नेपाली कविता विभिन्न मोड र धारा हुँदै अघि बढेको पाइन्छ, जसमा १९७५-१९९० सम्म परिष्कारवादी धारा, १९९१-२०१६ सम्म स्वच्छन्दतावादी धारा, २०१७-२०२९ सम्म प्रयोगवादी धारा र २०३० पछि समसामयिक धारा रहेका छन् ।

प्रयोग भन्नाले नयाँ वा नवीन भन्ने बुझिन्छ । इसाको उन्नाईसौं शताब्दीको उत्तरार्द्धदेखि पश्चिमी साहित्यमा परम्पराविपरीत नयाँ चिन्तनहरू देखिए । प्रतीकवाद, अतियथार्थवाद, विसङ्गतिवाद आदि प्रवृत्तिहरू पाइने प्रयोग त्यहाँ 'वाद' का रूपमा भने देखिएको पाईंदैन । अन्य विधासँगै कविता पनि यो प्रवृत्तिबाट अलग हुन सकेन । अङ्ग्रेजी कवि डायलन टमस, ग्रिन्सबर्ग आदि कविका कविताहरूमा यो नवीन प्रवृत्तिले प्रवेश

[१] उपप्राध्यापक, पिण्डेश्वर विद्यापीठ, धरान, नेपाल संस्कृत विश्वविद्यालय । Email: *nityanandakhatiwada@gmail.com*

पाएको देखिन्छ (त्रिपाठी १२९) । पहिलो र दोस्रो विश्वयुद्धले यस्ता कवितालाई ठूलो प्रभाव पाऱ्यो । यसै सन्दर्भमा २०१७ सालको कवि मोहन कोइरालाको 'रूपरेखा' पत्रिकामा प्रकाशित 'घाइते युग' कविताबाट नेपालीमा प्रयोगवादी कविता धाराको सूत्रपात भएको पाइन्छ (त्रिपाठी १२७) । नेपाली कविताका क्षेत्रमा भने प्रयोग 'वाद' का रूपमा विकसित भएको देखिन्छ । प्रयोगवादी कवितामा अस्तित्ववादी, विसङ्गतिवादी, प्रगतिवादी दृष्टिचेत, विशृङ्खल भाषाशैली, विचारको प्रवलता, अमूर्त विषयजस्ता प्रवृत्तिहरू पाइन्छन् । कोइरालाको २०२१ सालमा प्रकाशित फर्सीको जरा कवितामा उपर्युक्त प्रयोगात्मक प्रवृत्तिहरू पाइन्छन् । फर्सीको जरा कविताको प्रकाशनपछि आधुनिक नेपाली प्रयोगवादी धाराले अझ फैलने अवसर पाएको छ । कोइरालाको प्रयोगात्मक कवित्वचेतको राम्रो नमुना बनेको यस कविताले पाठकको प्रयोगवादी कविताप्रतिको सोचमा नै परिवर्तन ल्याइदिएको पाइन्छ । कोइरालाका २०३० अघिका कविताहरू बढी असम्प्रेष्य वा दुरुह भाषाशैलीका रहेका थिए भने २०३० पछिका कविताहरू भाषाशैली र विषयवस्तुमा समेत केही सम्प्रेष्य बनेका देखिन्छन् । यस आधारमा हेर्दा कोइरालाको कवित्वचेत पूर्णतया प्रयोगात्मक छ भन्न सकिन्छ । यस लेखमा मोहन कोइरालाको प्रयोगात्मक चेत कस्तो रहेको छ र फर्सीको जरा कवितामा के कस्ता प्रयोगात्मक प्रवृत्तिहरू पाइन्छन् भन्ने कुराको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २. समस्या

'प्रयोगात्मक प्रवृत्तिका आलोकमा फर्सीको जरा' शीर्षकको यस लेखमा देखापरेका मुख्य समस्याहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छः

क) प्रयोगधर्मी कवि मोहन कोइरालाको कवित्वचेत के कस्तो रहेको छ ?

ख) प्रयोगात्मक प्रवृत्तिका आलोकमा फर्सीको जरा कविता के कस्तो देखिन्छ ?

## ३. उद्देश्य

माथि उल्लेख गरिएका समस्याहरूको समाधान गरी निष्कर्षमा पुगनका लागि निम्नलिखित उद्देश्यहरू तय गरिएका छन्:

क) प्रयोगधर्मी कवि मोहन कोइरालाको कवित्वचेतबारे प्रकाश पार्नु

ख) प्रयोगात्मक प्रवृत्तिका आलोकमा फर्सीको जरा कविताको अध्ययन गर्नु ।

## ४. पूर्वकार्यको समीक्षा

ईश्वर बराल (२०३०) ले *मोहन कोइरालाका कविता (२०३०)* ग्रन्थको सम्पादन गर्ने क्रममा 'मोहन कोइरालाका कविताको अभिवीक्षा' शीर्षकमा भूमिका लेखेका छन्, जसमा मोहन कोइरालाका आरम्भकालीन कविताहरू र प्रवृत्तिबारे चर्चा गरिएको छ । जाँदाजाँदै सम्झेर, देशको परिचय, बुझिसके, झिकाझिकी, म पहिलो आगन्तुक हो, उनलाई चिठी, प्रसूता, प्यारोप्यारो मेरो लोभ, म सम्झन्छु, कार्टूनको सहर आदि कविताहरू यस ग्रन्थमा समेटिएका छन् । यस समयका कविताहरूमा विषयगत विविधता, भावगत नौंल्याइँ र शैलीगत मौलिकपन देखिन्छन् । शिल्पगत नवीनता र प्रस्तुतिगत मौलिकतासहित निजी पहिचानको खोजीलाई कोइरालाले कवितामा मूल पक्ष मानेका छन् । नवीन बाटोको खोजीमा उनका यी कविताहरू पृष्ठभूमि बनेका देखिन्छन् । कवि कोइरालाका यी प्रारम्भिक समयका कवितामा प्रस्तुत विषय, शिल्प र भावबिम्बको अध्ययन गर्दा केही नयाँ आयामको खोजीमा लम्किरहेको अनि मौलिक क्षेत्रको खोजीमा दत्तचित्त रहेको पाइन्छ । यहाँ सङ्केतसम्म गरिएको कोइराला र फर्सीको जरा कविताविषयको गहन विश्लेषण यस लेखमा गरिएको छ ।

वासुदेव त्रिपाठी र अन्य (२०४६) को सम्पादनमा प्रकाशित *नेपाली कविता भाग ४* गन्थमा नेपाली कविताको विकासको चर्चाका क्रममा मोहन कोइरालाको प्रयोगवादी कवित्वचेत र फर्सीको जरा कविताको परिचयात्मक चित्रण गरिएको छ । मुख्यगरी मोहन कोइरालाको प्रयोगधर्मी कवित्वले 'रूपरेखा' पत्रिका (२०१७) को 'घाइते युग' कविताका माध्यमबाट उत्तरार्द्ध यात्राका साथै त्यसका प्रथम प्रहरस्वरूप प्रयोगवादी धारालाई आमन्त्रित गऱ्यो । उनका यी कविताहरूमा अतियथार्थवादी र विसङ्गतिवादी, अवचेतन लेखन र अमूर्त लेखनका विशृङ्खलताको समष्टि प्रभावमा कविता अर्थिनु पर्ने अवस्था देखापऱ्यो (१२७) । त्यस्तै कोइरालाको फर्सीको जरा कवितामा प्रतीकवादी स्वप्नलेखन र अतियथार्थवादी अवचेतन लेखनका साथै प्रभावकारी मनोगत तत्क्षणताको लेखन एवम् अस्तित्ववादी भावचिन्तनका अमूर्त प्रायः शब्दरेखाचित्र पाइन्छ । सम्पादहरूले सङ्केत गरेको मोहन कोइरालाको कवित्वचेत र फर्सीको जरा कवितामा निहित प्रयोगात्मक प्रवृत्तिबारे विस्तृतमा वर्णन गर्ने कार्य यस लेखमा गरिएको छ ।

वासुदेव त्रिपाठी (२०६५) को *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* गन्थमा 'प्रयोगवाद' बारे चर्चा गरिएको छ । साहित्य र यसका विभिन्न विधामा देखापरेका कथ्य (विषयवस्तु), स्वर, शिल्प र भाषाशैलीसम्बन्धी नवीनभन्दा नवीन प्रयोगहरूका सन्दर्भमा प्रयोगवाद (१२७) लाई अर्थ्याउन सकिने विचार त्रिपाठीको देखिन्छ । प्रयोगवादले कुनै एउटा सिद्धान्त वा दर्शन निर्माण गर्नेभन्दा पनि नयाँ नयाँ प्रयोगमा रुचि राखेको हुन्छ । खासगरी चित्रकलामय रेखाङ्कन, अर्थहीन ध्वनिसमूह, बिम्वप्रतीकमय भाषा, अमूर्त शैली, विचारको थुप्रोजस्ता नवनव प्रयोगहरू देख्न पाइने कुरा यस ग्रन्थमा रहेको छ । यहाँ चित्रित प्रयोगवादी कविताका प्रवृत्तिहरू फर्सीको जरा कवितामा कसरी आएका छन् भन्ने विषयको खोजी यस लेखमा गरिएको छ ।

चूडामणि बन्धु (२०६७) द्वारा सम्पादित *साझा कविता* ग्रन्थको 'प्राक्कथन' शीर्षकमा कवि मोहन कोइरालाको प्रयोगवादी कवित्वचेतबारे आंशिक चित्रण गरिएको छ । कोइरालाका कवितामा युगको नैराश्य, व्यथा र लक्ष्यहीनतालाई देखाउने क्रममा विभिन्न प्रतीकसँगै बुद्धिको प्रयोग पाइने कुरा बन्धूको टिप्पणीमा पाइन्छ । यहाँ मोहन कोइरालाको प्रयोगधर्मी चेतबारे सङ्केतमात्र गरिएको छ । यथार्थमा कोइरालाको प्रयोगधर्मी कवित्वचेत कस्तो रहेको छ र उनको फर्सीको जरा कवितामा त्यसको प्रयोग कसरी गरिएको छ भन्ने कुरा यस लेखमा स्पष्ट पारिएको छ ।

नित्यानन्द खतिवडा (२०७१) को *नेपाल* पत्रिकामा प्रकाशित 'प्रयोगधर्मी कविता फर्सीको जराको भावभूमि' लेखमा प्रयोगवादी कवि मोहन कोइराला र उनको फर्सीको जरा कविताको भावभूमिबारे सङ्क्षेपमा चर्चा गरिएको छ । मूलरूपमा नेपाली कविताको प्रयोगवादी धाराका प्रवर्तक र संवर्द्धक कोइरालाका कवितामा जीवनको निस्सारता, विसङ्गति तथा अमूर्त विषयसँगै विशृङ्खलित भाषाशैली, मिथकीय बिम्ब, अस्तित्ववादी, प्रतीकवादी चिन्तन (६५) को प्रयोग पाइने कुरा खतिवडाको लेखमा पाइन्छ । खतिवडाको लेखमा फर्सीको जरा कविताबारे समग्रमा टिप्पणी गरिएको छ र कविका बारेमा पनि संक्षिप्त चर्चा मात्र पाइन्छ । फेरि उक्त लेखको उद्देश्य कविताको भावभूमिको मात्र चित्रण गर्नु हो । समीक्षक खतिवडाको लेखमा थालनीसम्म गरिएको विषयलाई अझ बिस्तारमा चर्चा गरी एउटा निचोडमा पुग्ने कार्य यस लेखमा गरिएको छ ।

## ५. अनुसन्धानपद्धति

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका सन्दर्भमा प्रारम्भिक स्रोतका रूपमा कवि मोहन कोइरालाको प्रयोगधर्मी कविता फर्सीको जरालाई लिइएको छ भने आवश्यकताअनुसार द्वितीयक स्रोतका सामग्रीहरूको पनि प्रयोग गरिएको छ । यस सन्दर्भमा प्रयोगवादी कविता र यसका प्रवृत्ति तथा फर्सीको जरा कविताका विषयमा लेखिएका विविध अध्ययन सामग्रीहरूलाई उपयोग गरिएको छ भने सामग्री विश्लेषणका व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

**६. सैद्धान्तिक आधार : प्रयोगात्मकता र नेपाली कविता**

'प्रयोग' संस्कृतको तत्सम शब्द हो । 'योग' शब्दमा 'प्र' उपसर्ग लगाएर प्रयोग शब्द बन्दछ । 'योग' शब्दको मूल धातु 'युज्' हो र त्यसमा 'घञ्' कृत् प्रत्यय लागेर उ 'ओ' मा अनि ज 'ग' मा परिवर्तित भई योग शब्द बन्दछ (मिश्र १) । प्रयोग हुनलाई विभिन्न स्थापित मूल्यमान्यताहरू अनिवार्य मानिन्छन् । पूर्व र पश्चिम दुवैतिर समयक्रममा विभिन्न प्रयोगहरू भैरहेका देखिन्छन् । रचनाको विषय वा कथ्य, भाव, भाषाशैली, शीर्षक, संरचना आदि पक्षमा आजभन्दा भोलि नूतन प्रयोगहरू जारी नै रहेको देखिन्छ । प्रयोगात्मकता भनेको प्रवृत्ति हो र साहित्यमा देखापर्दै हराउँदै गर्ने यस्ता प्रयोगहरू नै यथार्थमा प्रयोगात्मक प्रवृत्ति हुन् । परिष्कारका ठाउँमा स्वच्छन्दतावाद आउनु एउटा प्रयोग हो भने स्वच्छन्दतावादका स्थानमा यथार्थवाद, अतियथार्थवाद, प्रतीकवादजस्ता प्रवृत्तिहरू देखिनु अर्को प्रयोग हो । यो प्रवृत्तिगत भिन्नताका कारण सम्भव भएको हो । अस्तित्ववाद र विसङ्गतिवाद प्रयोगात्मक चिन्तनका मुख्य प्रवृत्तिहरू नै हुन् । तसर्थ प्रवृत्तिका कारण रचनामा नयाँ नयाँ विचारलाई नै प्रयोगात्मक भनिएको हो । नेपाली बृहत् शब्दकोशले "कुनै वस्तु वा विषयलाई व्यवहारमा लगाउने कार्य, उपयोग नै प्रयोग हो (शब्दकोश ८२९)" भनेको छ । नवीन विषयलाई व्यवहारमा उतार्नु वा उपयोग गर्नु नै प्रयोग हो र यो परम्पराभिन्न प्रवृत्तिगत रूपमा देखिने सन्दर्भ यहाँ पाइन्छ ।

प्राकृतिकविज्ञान, समाजविज्ञान र मनोविज्ञानका नवनव स्थापनाको उत्तरोत्तर गतिशीलताले मान्छे जीवन र समाजका सम्बन्धमा पूरै नयाँ दृष्टिहरूको विकास हुँदै आएपछि मानवीय जीवन र सामाजिकताको अभिव्यक्तिस्वरूप साहित्यकलाले पनि नवीनता प्राप्त गर्न थालेको हो (त्रिपाठी १२६) । कला साहित्यमा पनि परम्परागत स्वीकृति, मूल्य र उपलब्धिदेखिको असन्तोष झन् बढ्न थाल्यो र नयाँ प्रयोग गर्ने उत्कण्ठा अझै बढ्दै आए । यसैको साहित्यिक पृष्ठभूमि वा उन्नाइसौँ शताब्दीको अन्तिम चरणतिर प्रतीकवादजस्ता प्रवृत्ति देखिन पुगे भने प्रथम र दोस्रो विश्वयुद्धसँगै विसङ्गतिवाद, अस्तित्ववाद, अतियथार्थवाद जन्मिन पुगे । आज युरोप अमेरिकाका विभिन्न भेगमा अझ पनि नवनव प्रयोगहरू भइरहेका छन् भने भारत नेपालका सन्दर्भमा प्रतीकवाद, अतियथार्थवाद, विसङ्गतिवाद र अस्तित्ववादजस्ता प्रयोगात्मक प्रवृत्तिहरू प्रचलनमा रहेका छन् । प्रयोगात्मक प्रवृत्तिका कारण कविता अकविता बनेको पाइन्छ । पश्चिममा अर्थ, शिल्प र भाषामा नयाँ नयाँ प्रयोगका दृष्टिले समेत कविता अग्रणि देखिन्छ । तसर्थ वैयक्तिक अवचेतन मनको उन्मुक्त विशृङ्खल क्षणक्षणको विचरण, आस्था र मूल्यको विघटन, निस्सारता, अमूर्त शिल्पशैली समाविष्ट कविता नै प्रयोगात्मक हुन् भन्ने देखिन्छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको निधन (वि.सं.२०१६), प्रगति (२०१०), इन्द्रेणी (२०१२) आदि पत्रिकामा प्रकाशित पृष्ठभूमिकालीन प्रयोगधर्मी कविता तथा तत्कालीन राष्ट्रिय अन्तराष्ट्रिय घटनाक्रमको परिप्रेक्ष्यमा कवि मोहन कोइरालाको 'रूपरेखा' (२०१७) को 'घाइते युग' कविताका माध्यमबाट आधुनिक नेपाली कवितामा प्रयोगवादी धाराको थालनी भयो । पश्चिममा उन्नाइसौं शताब्दीको अन्त्यतिर देखापरेको उक्त नवीन प्रयोग नै नेपाली साहित्यमा प्रयोगवादका रूपमा स्थापित हुनपुग्यो । यस प्रयोगात्मक कवितालेखनले प्रायः ईश्वररहित र विकासवादी जीवशास्त्रीय पृष्ठभूमिमा मानवजीवनलाई यौनवासनाको आँखाले हेर्दछ र जीवनलाई प्रायः वीभत्स, विद्रूप, विसङ्गत, व्यर्थ, निस्सार र शून्य पनि देख्दछ (त्रिपाठी १२८) । प्रयोगात्मक नेपाली कविताले पनि नेपाली समाजका विसङ्गति र नेपाली प्रकृतिका सौन्दर्यक्षणलाई प्रकट गरेको पाइन्छ ।

आधुनिक नेपाली कविताको विकासमा देखापरेका चारवटा कविता धाराहरूमध्ये प्रयोगवादी धाराको अवधि २०१७-२०२९ सम्मको रहेको छ र यस कविता धाराका केन्द्रीय कवि मोहन कोइराला हुन् । कोइरालाबाहेक पनि विभिन्न कवि प्रतिभाहरूको देनका कारण यो कविता धाराले एउटा खास प्रभाव जमाउन पुगेको पाइन्छ । यस धारामा रहेका कविता रचना गर्ने कविहरूमा मोहन कोइराला, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी,

जगदीशशमशेर राणा, पोषण पाण्डे, पुष्कर लोहनी, उपेन्द्र श्रेष्ठ, पारिजात, कुमार नेपाल आदि रहेका छन् । जसमध्ये मोहन कोइरालाका सूर्यदान (२०२२), लेक (२०२३), पलङ नं.२१ (२०२९), मोहन कोइरालाका कविता (२०३०), नून शिखरहरू (२०३१), नदी किनाराका माझी (२०३८), ऋतु निमन्त्रण र गरलपान (२०४०), एउटा पपलरको पात (२०४७) आदि कविता काव्यहरू प्रकाशित रहेका छन् भने ईश्वरवल्भका मेरी आमाले आत्महत्या गरेको देश (२०२८), एउटा सहरको किनारामा (२०२९-३०), अग्निद्वीप (२०३०) र अग्नि म महिमा गर्छु (२०३५ तिर) आदि लामा कविताहरू तथा जगदीशशमशेर राणाको नरसिंह अवतार (२०२७), वानिरा गिरीको मेरो आविष्कार (आत्मकाव्य २०४१) लगायतका लामा प्रयोगात्मक कविताहरूले नेपाली प्रयोगात्मक कविताको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । प्रयोगको क्षेत्र फराकिलो भएका कारण आज पनि नवनव प्रयोगहरू कवितामा भइरहेका छन् ।

## ७. कवि मोहन कोइरालाको कवित्वचेत

कवि मोहन कोइरालाको जन्म वि.सं.१९८३ साल मङ्सिर ११ गते काठमाडौंको डिल्लीबजारमा भएको हो । घरमा नै प्रारम्भिक शिक्षा लिएका कोइरालाले स्वाध्ययनका माध्यमबाट आफ्नो साहित्यिक व्यक्तित्व ऊँचो बनाएको देखिन्छ । कोइरालाले २००३ सालको 'जाँदाजाँदै सम्झेर' देखि नै कविताभ्यास गरेको पाइन्छ भने २००७ सालपछि उनका विभिन्न कविताहरू प्रकाशनमा आएका देखिन्छन् । प्रकाशनका दृष्टिले कोइरालाको प्रथम कविता 'बुझिसके' (बराल २९७) हो । यो समय आधुनिक नेपाली कविताको विकासको दोस्रो चरणअन्तर्गत स्वच्छन्दतावादी धाराको उत्तरार्द्ध थियो । तसर्थ उनको यस अवधिको कवितामा प्रयुक्त विषय, भाषाशैली, प्रकृति, बिम्बपरकता, गद्यलयात्मकताजस्ता कवित्व चेतबाट उनमा परम्पराप्रतिको वितृष्णाभाव प्राथमिक समयदेखि नै रहेको देख्न सकिन्छ । यसपछिका प्रसूता (२०११), सिंहिनी : लालसाको अग्निकुण्ड (२०१२) कवितामा स्पष्टतः स्वच्छन्दतावादबाट प्रयोगतर्फ मोडिएको सङ्केत मिल्छ । यी कवितामा प्रयुक्त संरचना, शब्दचयन, भग्न मानवीय जीवनदृष्टि, मानवमा जागृत विकृत मनोवासनावृत्तिजस्ता प्रवृत्तिले परम्परागत स्वच्छन्दतावादी प्रवृत्तिको अतिक्रमण र प्रयोगवादतर्फको पदार्पणलाई सङ्केत गर्दछ ।

२०१७ सालको 'रूपरेखा' मा प्रकाशित 'घाइते युग' कविताले आधुनिक नेपाली कविताको प्रयोगवादी धाराको थालनी गरेको पाइन्छ । यसै अवधिमा नेपाली काव्यफाँटका महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) को निधन भएको छ भने यही समयमा नै नेपाली राजनीतिले नयाँ मोड लिन पुगेको पाइन्छ । यी कारणसँगै अन्तराष्ट्रिय वातावरण पनि प्रयोगवादीजस्तो नवीन धाराको थालनीमा कारक बनेको पाइन्छ । यही क्रममा २०२१ सालमा प्रकाशित 'फर्सीको जरा' कविताले मोहन कोइरालामा रहेको प्रयोगात्मक कवित्वचेतलाई अझ फराकिलो बनाएको देखिन्छ । यसै कविताका माध्यमबाट उनमा रहेको अस्तित्ववादी, विसङ्गतिवादी चिन्तनसँगै बिम्बप्रतीकात्मकता, अमूर्तता, समग्रताजस्ता प्रयोगात्मक कवित्वचेतले अझ व्यापक हुने अवसर पाएको देखिन्छ । कोइरालामा रहेको प्रयोगवादी कवित्वचेत सूर्यदान (२०२२), लेक (२०२३), पलङ नं. २१ (२०२८), मोहन कोइरालाका कविताहरू (२०३०), नून शिखरहरू (२०३१), हिमचूली रक्तिम छ (२०३५) आदि लामा कविताका माध्यमबाट अझ परिपक्व बनेको पाइन्छ । फुटकर कविताभन्दा माथि उठेर खण्डकाव्य निकटका लामा कविताको सिर्जनामा लागेका उनका यी मझौला आयामका कवितामा प्रयोगात्मक कवित्वचेतसँगै सूक्ष्म आख्यान, सम्प्रेषणको अभाव, साङ्केतिक र क्लिष्ट भाषाको प्रयोगजस्ता प्रवृत्तिका कारण पाठक अझ टाढिन पुगेका देखिन्छन् (त्रिपाठी २६३) । यस अवधिमा नेपाली कविताको विकासमा पनि अनेकथरी साहित्यिक अभियानहरू चालिए । भाषा र प्रस्तुतिको सरलताका लागि भएका उक्त अभियानकै बिच २०३० पछि कविताको मूलधारमा परिवर्तन आई प्रयोगवादबाट समसामयिक बन्नपुग्यो । भावकको निरन्तरको असन्तुष्टिपछि 'कविता अर्थिनु हुन्न' भन्ने कोइरालाको कवित्वचेतमा समेत परिवर्तन आई २०३६-३७ पछि लेखिएका नदी किनाराको माझी र गंगाप्रवास (२०३८), ऋतु निमन्त्रण र गरलपान (२०४०), निलो मह

(२०४१), एउटा पपलरको पात (२०४७) काव्यकृतिहरू (कुञ्जिनी ७५) प्रयोगधर्मी प्रवृत्तिसँगै सम्प्रेष्यताको सिँढीतर्फको यात्रामा लागेका देखिन्छन् ।

मोहन कोइराला आधुनिक नेपाली कविताको विकासको तेस्रो चरण वि.सं.२०१७-२०२९ को प्रयोगवादी धाराका केन्द्रीय कवि प्रतिभा हुन् । खासगरी प्रयोगवादी धाराको प्रवर्तन र संवर्धनमा उल्लेख्य योगदान गरेका कोइरालाले रोजेको कविताको नूतन चिन्तन नेपाली कविताजगत्मा स्मरणीय रहेको छ । कवितामा प्रस्तुत अवचेतन मनका विशृङ्खलित भाव, दुर्बोध्य भाषाशैली, जीवनको निस्सारपक्षको चित्रणसँगै अस्तित्ववादी चिन्तन, अप्रचलित अनौठा शब्दचयनले कोइरालालाई पाठकवर्गबाट केही टाढा गराए पनि सदैव निकट नै रहिरहनेछन् । उनमा रहेको परम्पराभिन्न र नवीन चिन्तनयुक्त कवित्वचेतका कारण कविताका पाठकलाई फरक धारबाट सोच्न बाध्य तुल्याएको छ । सदैव फरक फरक चिन्तनको प्रस्तुतिमा रमाउने र कविताको उत्तरार्द्धमा केही सम्प्रेष्य कविता सिर्जना गर्ने कोइरालालाई 'नदी किनाराका माझी (२०३८)' काव्यका लागि मदन पुरस्कारले सम्मानित गरिएको छ भने 'ऋतु निमन्त्रण र गरलपान (२०४१)' दुई लामा कविताका लागि साझा पुरस्कारले पुरस्कृत गरिएको छ । नेपाली काव्यक्षेत्रमा फरक पहिचान पस्कने कवि कोइरालाको २०६३ सालमा निधन भयो । उनको निधनसँगै नेपाली कविता क्षेत्रमा रहेको फरक धार बोकेको एउटा प्रसिद्ध प्रयोगवादी काव्यसाधकको पनि अवसान हुनपुग्यो ।

## ८. फर्सीको जरा कविताका प्रयोगात्मक प्रवृत्तिहरू

### ८.१ परिचय

'फर्सीको जरा' वि.सं.२०२१ सालमा 'रूपरेखा' पत्रिकाको जेठ अङ्कमा प्रकाशित प्रयोगधर्मी कविता हो । कविभित्र रहेको विसङ्गतिवादी दृष्टिकोण र अस्तित्ववादी चेतना केन्द्रीय विषय रहेको प्रस्तुत कवितामा समयको महत्त्व र अवस्थालाई नवीन चेतनासहित प्रतीकात्मक रूप दिइएको छ । प्रयोगस्वरूपका नवीन बिम्बयुक्त गद्य साङ्गीतिक लय रहेको यस कवितामा पङ्क्ति- पङ्क्तिभन्दा समग्रतामा अर्थिने भावको प्रावल्य पाइन्छ । विषयभन्दा विचारतत्त्वको प्रधानता पाइने यस कविताले विसङ्गत कोणबाट जीवनलाई हेर्दै अस्तित्ववादी चिन्तनलाई स्थापित गर्ने प्रयास गरेको छ । परम्पराभिन्न प्रवृत्ति बोकेको उक्त कविताको शीर्षक निर्जीव वस्तुको नामबाट राखिए पनि त्यसका माध्यमबाट प्रस्तुत चेतनप्रवाह पद्धति र विचारका माध्यमले कविमा रहेको प्रयोगात्मक भावबिम्बलाई उजिल्याएको पाइन्छ । प्रयोगै प्रयोगको थुप्रो झाँगिएको यस कवितामा निहित प्रयोगात्मक प्रवृत्तिहरूबारे क्रमशः चर्चा गरिएको छ ।

### ८.२ विसङ्गतिवादी जीवनदृष्टि

विसङ्गतिवाद भन्नाले बीसौं शताब्दीमा विकसित साहित्यिक अभियान हो, जसले जीवनजगत्का कुनै पनि वस्तु, विचार वा क्रियाकलापमा सङ्गति देख्दैन । अथवा जीवनजगत् र सोसँग सम्बद्ध सबै पक्षमा प्रचलित प्रतिष्ठित वा परम्परागत मूल्यमान्यताहरूको विरोध र बहिष्कार गर्दै जीवनजगत्प्रतिको असङ्गत विसङ्गत दृष्टिकोणलाई असङ्गत विसङ्गत भाषाशैलीका माध्यमबाट अभिव्यक्ति दिने बीसौं शताब्दीको एक साहित्यिक अभियान नै विसङ्गतिवाद (श्रेष्ठ १७७) हो । यसले जन्मुभन्दा अघि गर्भमा छँदै आफ्नो मृत्यु निश्चित भइसकेको अथवा जन्मँदै मृत्यु बोकेर आएको मानवीय जीवन आफ्नो जीवन बुद्धि, विवेक र स्वतन्त्र इच्छाशक्तिको प्रयोग गरेर विशिष्टता प्राप्त गर्न खोजे पनि हाम्रा सारा प्रयत्नहरू व्यर्थ हुने मान्दछ । मानवजीवन मूलतः असङ्गत वा निस्सार छ तर यस्तो स्थिति जानेर पनि हामी नबाँचीकन रहन सक्दैनौं भन्ने मान्दछ । विश्वयुद्धको प्रभाव तथा नित्सेको ईश्वर मृत्युको घोषणाबाट यस वादले प्रेरणा र प्रभाव ग्रहण गरेको छ । हामी जन्मन नचाही जन्मन्छौं र मर्न नखोजी मर्छौं, हामी जन्म र मृत्युको बिचमा छौं- त्यसैले हाम्रो

अस्तित्व विसङ्गत छ भन्ने विचार यस चिन्तनको मूल प्राण हो । जा पार्ल सार्त्र, अल्बर्ट कामु, ओलिभर, काफ्का, बेकेट आदि विशिष्ट चिन्तनहरूले विकसित गरेको यस चिन्तनबाट मोहन कोइरालाको फर्सीको जरा कविता पनि प्रभावित रहेको देखिन्छ ।

मोहन कोइरालाको फर्सीको जरा कवितामा विसङ्गतिवादी जीवनदृष्टि पाइन्छ । जीवनको निस्सारता वा शून्यतालाई कवितामा कलापूर्ण प्रस्तुत गरिएको पाइन्छ । जीवन र मृत्युको दोसाँधमा बाँचेको उक्त सङ्गतिहीन मानव र उसको छटपटाहटपूर्ण असङ्गत क्रियाकलापहरूलाई कवितामा यसरी देखाइएको छः

अनन्त बिडम्बनाले अनन्त हातले

अनन्त चीलले झम्टा मारेको

वर्तमान एक टुका समय, रक्तचापको डिग्रीमा चढेको पारो

जसलाई पर्खिरहेछौँ, चल्ला बनेर (२०४) ।

यहाँ मानवजीवनको विसङ्गत पक्षलाई देखाइएको छ । मान्छेको जीवन मृत्युरूपी चीलले झम्टा मारिरहेको बिडम्बनापूर्ण अवस्थामा बाँचेको छ र हामी चल्लारूपी निरीह र निस्सार जीवन बाँचिरहेका छौँ । यस्तो मृत्युको मुखमा रहेको स्थिति थाह पाएर पनि त्यसका प्रति केही गर्न नसक्ने विसङ्गत वर्तमानमा बाँच्न विवश आजको मानवीय नियतिलाई यहाँ देखाइएको छ । त्यस्तै

लाटीले घुमाएको जाँतोमा पालो छाडेर वर्तमान

दौडेको छ

कानो गोरुको हरियो चौरमा निम्त्याएर वर्तमा

फर्केको छ

चट्टानले मिचेको अगेनामा रोटी पोलेर वर्तमान

लम्बेको छ

छकिनबाट घटाउ गर अनन्त घट्टको तावामात्र हो

काट भोज गर बितेको भुङ्ग्रे रोटी मसाने टेबिलमा

किनकि अनन्तले हामीलाई छली चीलझैँ झम्टा मार्छ

भुत्ते नङ्ग्रा लिएर (२७४) ।

जीवन विसङ्गत छ र यस अवस्थामा मान्छेले चाहेर पनि केही गर्न सक्दैन तथा यी सबै कुरालाई सहेर बाँच्न विवश मानवजीवनको दीनहीन अवस्थाको चित्रण यहाँ रहेको पाइन्छ । कवितामा उपर्युक्त प्रत्येक पङ्क्तिले निस्सार मानवजीवनलाई सङ्केत गरेका छन् । अनन्त घट्टको तावामाथि तात्तिएर, बाफिएर, पिल्सिएर बाँच्न बाध्य हुनु नै वर्तमान मानजजीवनको नियति हो भन्ने विचार यहाँ समेटिएको छ ।

**८.३ अस्तित्ववादी दृष्टिचेत**

वैयक्तिक मानवीय मूल्यलाई प्रतिष्ठापित गर्न चाहने, इसाको बीसौं शताब्दीमा युरोपमा जन्मिएको अङ्ग्रेजी भाषाको एक्जिस्टेन्सिज्म शब्दको नेपाली रूपान्तरण नै अस्तित्ववाद हो । यो विश्व साहित्यको

इतिहासमा खासगरी अतियथार्थवादी नियतिवाद तथा आदर्शवादको विरोधमा सन् १९४३ तिर देखापरेको मान्यता हो । जीवनका जटिलता, विसङ्गति, असङ्गति, विवशता, निरुपायता आदिबाट मूल प्रेरणा लिने मानवीय मूल्यमा नवीनता, सिर्जनशीलता र अस्मिताबोधको स्थापनार्थ अग्रसर हुने दर्शनहरूमध्ये अस्तित्ववाद अपेक्षाकृत आधुनिक चिन्तन हो (कुञ्जिनी ११२) । सारेन किर्केगार्ड, एडमण्ड हुर्सेल, हाइडेगर, सार्त्र, कामु आदि प्रमुख व्यक्तिहरूको प्रत्यक्ष परोक्ष सहयोगमा अस्तित्ववादी मान्यताले जीवन पाएको देखिन्छ । जीवन विसङ्गत भए पनि मान्छेले अस्तित्वका निमित्त सङ्घर्ष गर्छ, मृत्युलाई उछिन्न खोज्छ तर त्यो निरर्थक अनि निस्सार रहेकाले यो सृष्टि पनि निरन्तर परिवर्तन भइरहन्छ । यही परिवर्तनशील र असङ्गत सृष्टिमा आफ्नो अस्मिता सुरक्षणका निम्ति मान्छेले स्वयम् त्यस्ता विषयसँग सङ्घर्ष गर्नुपर्ने चिन्तन यस कवितामा पाइन्छ । मान्छेको अस्तित्व छैन तर मान्छेमा अस्मिता रहेका कारण यही अस्मिताले मान्छेलाई रुख, ढुङ्गा, माटोभन्दा अलग बनाएको हो । यी वस्तुभन्दा भिन्न मान्छेमा 'हुनु' को भाव रहेकाले मान्छेमात्रले अस्तित्वशील भएर बाँच्नुपर्छ भन्ने मूल विचार अस्तित्ववादमा पाइन्छ । यही अस्तित्ववादी चिन्तनबाट फर्सीको जरा कविता पनि प्रभावित रहेको छ ।

फर्सीको जरा कवितामा अस्तित्ववादी दृष्टिचेत पाइन्छ । जस्तै-

विश्वास कहाँ टाँसिएको जरा भएर

मलाई एक विश्वास भए पुग्छ

मलाई एक वर्तमान भए पुग्छ

आउने जाने त्यसैमा अनन्तको अनुहार हेर्न (२७३) ।

यहाँ कविले जीवन बाँच्ने क्रममा देखिने तीनओटै कालको झलक उपस्थित गरी वर्तमानलाई उपयोग र सदुपयोग गर्दै अरू काललाई विदा दिन चाहेका छन् । विगत आफूबाट छुट्टिएको र भविष्य सम्भावनामा रहेका हुनाले पनि वर्तमानकै यथार्थलाई अत्यधिक प्रयोग गर्नुपर्छ भन्ने अस्तित्ववादी विचारको प्रस्तुति यहाँ पाइन्छ । त्यस्तै-

मलाई हिँड्ने हिम्मत देऊ म फर्सीको मण्टा हुँ

मलाई घुस्रिन क्षितिज देऊ म तोरियाको जरो हुँ

मलाई उभिन दिशा देऊ म पारिजातको थुतुनो हुँ

मलाई अनन्त फोर्न देऊ म आफैं समय हुँ (२७५) ।

यहाँ एउटा हिम्मत साँचेर, म गर्छु भनेर निरन्तर हिँड्ने, घुस्रिने, एउटा दिशा पक्रने र अनन्त फोर्ने समय बनी सक्रिय रहनुपर्छ भन्ने विचारमा अस्तित्ववादी चिन्तन पाइन्छ । आफ्नो भाग्य र भविष्य निर्माण गर्न अरूको मुख ताक्नेभन्दा आफैं सक्रिय भएर लाग्नुपर्छ भन्ने अस्तित्ववादी भाव उक्त कवितांशमा पाउन सकिन्छ ।

### ८.४ प्रतीकवादी चेतना

अङ्ग्रेजीमा 'सिम्बल' भनिने प्रतीक भन्नाले कुनै चिन्ह, सङ्केत वा वस्तु भन्ने बुझिन्छ भने प्रतीकवाद भन्नाले उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर पश्चिमी चिन्तक बादलेयरद्वारा प्रवर्द्धित साहित्यिक मान्यता भन्ने बुझिन्छ । सामान्य अर्थमा कुनै अमूर्त वस्तुको मूर्तीकरण गर्नुलाई पनि प्रतीक भनिन्छ भने साहित्यमा यो

अभिधाका तहमा भन्दा बढी आलङ्कारिक र व्यञ्जनात्मक रूपमा लिने गरिन्छ । प्रतीकलाई बुझ्न विशेष खुबी चाहिन्छ किनभने यसमा एउटा कुराभन्दा त्यसबाट भित्री अर्कै रहस्यमय कुरा बुझ्नुपर्दछ । एड्गर एलेन पो, बादलेयर, रिचार्ड वाग्नर, मलार्मे, आर्थर, रिम्बोजस्ता साहित्यिक चिन्तनहरूले प्रतीकवादी साहित्यको राम्रो प्रयोग गरेका छन् (भट्टराई १४१) । शब्दबिम्बका माध्यमबाट कविताकाव्यमा प्रतीकको सिर्जना गरिन्छ, जसले सिर्जनालाई विशिष्ट तुल्याउँदछ । विश्वका कवि लेखकहरूसँगै नेपाली कविहरूमा पनि प्रतीकवादले राम्रो प्रभाव पारेको पाइन्छ ।

फर्सीको जरा पनि प्रतीकको राम्रो प्रयोग रहेको प्रयोगधर्मी कविता हो, जसमा विभिन्न प्रतीकहरूको कलापूर्ण प्रयोग पाइन्छ । जस्तै-

१. लाटीले घुमाएको जाँतो

२. चट्टानले मिचेको अगेनामा रोटी पोल्नु

३. हुटिट्याउले आकाश थाम्नु

४. पारिजातको थुतुनो

५. प्रुफरिडर मेरो कानेगुजीको पाप्रा

६. चीलले झम्टा मार्नु

यहाँ प्रस्तुत प्रतीकात्मक सन्दर्भहरूले विभिन्न विषयलाई सङ्केत गरेका छन् । पहिलो सन्दर्भले गतिहीन तत्कालीन राजनीतिक अवस्थालाई सङ्केत गरेको छ भने दोस्रो र तेस्रो प्रतीकात्मक सन्दर्भहरूले अर्थहीन मानवीय जीजिविषालाई देखाएका छन् । त्यस्तै चौथोले निराशाबिच पनि आशावादी बन्नुपर्ने विषयलाई चित्रित गरेको छ भने पाँचौं र छैठौंले तत्कालीन राजनैतिक शासकहरूले पत्रकारितासँगै लेखकहरूमाथि लगाएको प्रतिबन्धलाई सङ्केत गरेका छन् । अन्तिम सन्दर्भले भने मृत्युलाई पर्खेर बसिरहेको निरीह र त्यसका विरुद्धमा केही पनि गर्न नसक्ने निस्सार मानवजीवनलाई सङ्केत गरेको पाइन्छ । 'फर्सीको जरा' शीर्षक आफैंमा प्रतीकात्मक रहेको छ । जमिनमा राम्ररी पकड बनाएर निरन्तर अघि बढिरहने एउटा वनस्पतिका माध्यमबाट हामीले पनि भूत कालबाट पाठ सिकी भविष्यलाई हेरेर वर्तमानमा अस्तित्वपूर्ण जीवन बाँच्न सक्नुपर्ने कुरालाई देखाइएको छ । कवितामा विभिन्न शब्दबिम्बका माध्यमले उक्त प्रतीकको उपस्थापन गरिएको छ । प्रतीकैप्रतीकको प्रयोगले कविता अस्पष्ट र दुर्बोध्यसमेत बनेको आरोप कतिपय समालोचकहरूले लगाएका छन् । जे भए पनि पाश्चात्य साहित्यमा प्रयुक्त प्रतीकवादी चिन्तनबाट प्रेरित र प्रभावित फर्सीको जरा कविता पनि प्रतीकात्मक दृष्टिले उत्कृष्ट बन्न पुगेको भन्न सकिन्छ ।

**८.५ समग्रता**

समग्रता भन्नाले पूर्ण तथा सम्पूर्ण भन्ने बुझिन्छ । समग्रता पनि प्रयोगात्मक कविताको महत्त्वपूर्ण प्रवृत्ति हो । कविताका सन्दर्भमा समग्रले कविताको कुनै एक पङ्क्ति वा भाग नभई कविताको सम्पूर्ण शरीर भन्ने अर्थ लाग्दछ । प्रयोगले परम्परा भिन्न भन्ने जनाउँदछ र भिन्न विषयवस्तु, भाषाशैली, भाव, संरचना, शीर्षक यसभित्र समेटिन्छन् । प्रयोगवादी कविहरू मानवको जीवन बुझ्नलाई उसको जन्मदेखि मृत्युसम्मको समग्र अवस्था बुझ्नुपर्दछ भन्दै कुनै एक पाटोको अध्ययनबाट समग्र जीवन आँकलन गर्न सकिन्न र गरिएमा त्यो केवल अनुमानमात्र हुने मत राख्दछन् । तसर्थ हरेक वस्तुबारे जान्न उसको सम्पूर्ण पक्ष आवश्यक परेजस्तै कवितारूपी शरीरलाई बुझ्न पनि सुरुदेखि अन्त्यसम्मको पारख अनिवार्य हुन्न भन्ने प्रयोगात्मक चिन्तन नै समग्रता हो भन्ने देखिन्छ । मान्छेको अस्मिता कुनै कालावधिमा सीमित रहन नसकेजस्तै कविताको संरचना पनि सदैव एउटै

ढाँचाको हुनुपर्छ भन्ने आग्रहको उल्लङ्घन गर्दै अमूर्तताभित्रै समग्र संरचनाको खोजी गर्ने कार्य यस्ता कवितामा रहेको देखिन्छ ।

फर्सीको जरा कवितामा समग्रता एउटा मूल प्रवृत्ति बनेको देखिन्छ । जस्तै-

फर्सी = जरा + पात+ मुण्टा

मान्छे = जन्म + जीवन + मृत्यु

समय = भूत + वर्तमान + भविष्य

प्रकृति = आकाश + धर्ती + समुद्र

सृष्टि = युद्ध + शान्ति + समाप्ति

कवितामा रहेको समग्रताको अर्थ बुझ्नलाई यहाँ प्रस्तुत विषयको अध्ययन आवश्यक हुन्छ । प्राकृतिक वनस्पति फर्सीको जीवन बुझ्नलाई जरामात्र नभएर त्यसको पात र मुण्टा तीनवटै पक्षको अध्ययन अनिवार्य हुन्छ । कुनै एउटा पक्ष छुटेमा फर्सीको जीवन अधुरो र अपूरो हुने कारण नै यहाँ समग्र पक्षको अध्ययनपछि मात्र फर्सीको पूर्ण जीवनबारे ज्ञान लिन सकिन्छ । त्यस्तै मान्छे हेर्दा एउटा जीव देखिए पनि उसँग जन्म, जीवन र मृत्यु गरी तीनवटै पक्ष जोडिएर आएका हुन्छन् । कुनै एउटा पक्ष छुटेमा मान्छेबारको ज्ञान स्वतः अपूर्ण हुने कारण मान्छे जन्म, जीवन र मृत्युको समग्रता हो । भूत, वर्तमान र भविष्यको समग्रता समय हो र यसलाई बुझ्न यी तीनवटै पक्षको अध्ययन अनिवार्य रहन्छ भने प्रकृति आकाश, धर्ती र समुद्रको समग्रता हो र युद्ध, शान्ति र समाप्तिको समग्रता सृष्टि हो भन्ने अर्थ कवितामा पाइन्छ । त्यसैले कुनै पनि वस्तुलाई बुझ्न त्यसको पूर्णज्ञान आवश्यक छ र अल्पज्ञानले लक्ष्यमा पुऱ्याउन सक्दैन वा निष्कर्षमा पुग्न सकिन्न भन्ने चिन्तनको प्रयोगात्मक प्रवृत्तिका रूपमा समग्रतालाई लिन सकिन्छ ।

**८.६ संरचनात्मक नवीनता**

संरचना भन्नाले स्वरूप वा शरीर भन्ने बुझिन्छ । कवितामा भित्री र बाहिरी गरी दुईओटा संरचना हुने गर्दछ । तसर्थ कवितालाई संरचक तत्त्वहरूबाट निर्मित एक विशिष्ट प्रकारको रचना मानिन्छ । कविताको बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ । यस्तो बाह्य संरचनामा लय, गुण, पाउ, चरण, पङ्क्तिपुञ्ज, शब्दगुच्छको संयोजन रहन्छ भने भित्री संरचनामा कविको सोझो कथन, आख्यानयुक्त कथन, नाटकीकृत कथन, मूलभाव वा विचार रहने गर्दछ ।

फर्सीको जरा प्रयोगधर्मी कविता हो र यो गद्यलयमा लेखिएको छ । यसमा जम्मा उनान्सत्तरी (६९) पङ्क्तिहरू रहेका छन् र यी जम्मा सानाठूला गरी नौ ओटा अनुच्छेदहरूमा विभाजित रहेका छन् । कवितामा तीनओटा पूर्णबिराम चिन्ह, एउटा अल्पबिराम चिन्ह र तीनओटा नै योजक चिन्हसँगै बिचमा र अन्त्यमा .......थोप्लो खाली छोड्दै कतै कोष्ठकको पनि प्रयोग गरी कविता समापन गरिएको छ । प्रत्येक अनुच्छेदमा वितरित पङ्क्तिहरू पनि असमान सङ्ख्यामा रहेका छन् । पहिलो अनुच्छेदमा धेरै २४ र थोरैमा ११, दोस्रो अनुच्छेदमा धेरैमा २० र थोरैमा ८, तेस्रो अनुच्छेदमा २६, चौथो अनुच्छेदमा धेरैमा २१ र थोरैमा ६, पाँचौं अनुच्छेदमा धेरैमा २१ र थोरैमा ४, छैठौं अनुच्छेदमा १३, सातौं अनुच्छेदको धेरैमा २३ र थोरैमा ८, आठौं अनुच्छेदको धरैमा २१ र थोरैमा ९ र नवौं अनुच्छेदको धेरैमा १७ र थोरैमा ८ प्रकारका वितरणगत भिन्नता देखाइएको छ । अनुच्छेदका बिचबिच पङ्क्तिमा रहेको .....खाली थोप्लोको प्रयोगले केही भन्न बाँकी रहेको तर भावकले आफैं बुझून् भनी छोडिएको देखिन्छ । कवितामा रहेका अनुच्छेद पनि एक्लै आफैं आफैंमा स्वतन्त्र र पूर्णजस्ता देखिन्छन् । ठाउँठाउँमा आवृत्त हुने फर्सीको जरा, पात र मुण्टाको प्रसङ्गबाट कविताको आन्तरिक

संरचना सूत्रात्मक रूपमा समेटिएको खेखिन्छ । कविता 'म' को स्वगत कथनपद्धतिमा रहे पनि कतै 'म' हामीका रूपमा मूर्तीकृत भएको छ । तसर्थ यहाँ आएको 'म' शब्दले 'म' लाई मात्र नभएर सिङ्गो मानजातिलाई सम्बोधन गरेको देखिन्छ । निर्जीव वस्तु फर्सीको अवयवसँग मानवजीवनका अवयवलाई तुलना गरी केवल मानवीय अस्मिताको खोजमा केन्द्रित भएका कारण र अनेकतामा एकताको चिन्तनसूत्रलाई प्रयोगका माध्यमबाट कविता बनाएबाट कविताको आन्तरिक अन्विति बलियो बनेको देखिन्छ । यसरी अन्य पक्षजस्तै संरचनागत नवीन बाटोको हिँडाइले यस कवितालाई यथार्थमा नै अलग पहिचान दिलाएको मान्न सकिन्छ ।

### ८.७ विशृङ्खलित र दुरुह भाषाशैली

भाषाशैली कविताको महत्त्वपूर्ण तत्त्वअन्तर्गत पर्दछ । कवितामा भाव र यसबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ भने भाषा प्रस्तुतिको तरिकालाई शैली भनिन्छ । कवितामा वर्ण, पद र शब्दका माध्यमबाट सृजित शैली सूक्ष्म, संक्षिप्त र कलात्मक हुनसक्नुपर्दछ । कवितामा स्तरीय, विशिष्ट र रागात्मक भाषाको प्रयोग उपयुक्त मानिन्छ, जसले सुन्दर भावको सिर्जना गर्दछ । सैद्धान्तिक रूपमा रहेको उपर्युक्त भाषाशैलीको मान्यतालाई प्रयोगवादी कविहरू स्वीकार गर्दैनन् । मानवजीवन विसङ्गत र निस्सार भएका कारण ती विषयलाई स्थान दिन परम्परागत भाषाशैली अक्षम रहन्छ भन्ने विचार प्रयोगवादी कविहरूको देखिन्छ । उनीहरूका दृष्टिमा मानवीय जीवनका उक्त दुःख, पीडा, वेदना, छटपटिलाई चित्रण गर्न सरल र सौम्य भाषाभन्दा फरक शब्दचयन गर्ने क्रममा कविताको भाषा विशृङ्खलित र दुरुह बन्न पुग्दछ ।

फर्सीको जरा कविताको भाषाशैली विशृङ्खलित र दुरुह वा दुर्बोध्य रहेको छ । शृङ्खला वा क्रम नमिलेका शब्दको प्रयोगले कविता क्लिष्ट देखिन्छ । कविताको भाव र चिन्तनलाई जोड्ने अमूर्त 'कोलाज' चित्र, तुमुल वा छरपस्ट शब्दबिम्बको प्राचुर्यले कविताको संरचना नै अस्तव्यस्त बन्न पुगेको छ (त्रिपाठी २७२) । कवितामा तत्सम, तद्भव र आगन्तुक तीन स्रोतका शब्दहरूको प्रयोग पाइन्छ । जस्तैः तत्सम- विश्वास, अनन्त, दिशा, आकाश, क्षितिज, धर्ती, रक्तचाप आदि, तद्भव- जरा, लहरा, कान, थुतुनो, जाँतो, लाटी, डल्ला, कोदाली, रोटी आदि र आगन्तुक- टेबिल, प्रुफरिडर, पेपरबेट, टाइपराइटर, डिग्री आदि । विविध स्रोतका शब्दसँगै जीवनको निस्सारतालाई देखाउन कवितामा त्यस्तै किसिमका शब्दबिम्बको समेत प्रयोग पाइन्छ । जस्तैः  कानेगुजीको पाप्रा, पेपरबेटको पहाड, मसीको उकालो ओरालो, भुङ्ग्रेरोटी, झुम्रोको फूल, रक्तचापको डिग्रीजस्ता अप्रचलित र अनर्थ लाग्ने शब्दबिम्बहरू पाइनु कविताको विशेषता हो । लाटीले घुमाएको जाँतो, अगेनामा रोटी पोल्नु, हुटिट्याउँले आकाश थाम्नुजस्ता सहज उखानहरूको प्रयोगले केही हदसम्म कवितालाई पाठकनिकट पुऱ्याउन सफल बनेको देखिन्छ । कतिपय  अर्थहीन शब्दको शब्दको थुप्रो देखेर भावक अलमल्लको स्थितिमा पुग्ने र कतिपय अवस्थामा छेउकुना डल्ला फोरेर हिल्याउनेसम्मको दोहोरो भाषिक अवस्था कवितामा देखिन्छ । अमूर्त शैलीको प्रयोग रहेको कवितामा कविको चिन्तन ठम्याउन खोज्दाखोज्दै कविता सकिन्छ । एउटा कवितामा एउटा विषय उठान गर्नेभन्दा शब्दबिम्बका माध्यमबाट संसार समेट्ने ध्याउन्नकै पुनरुक्तिजस्तो देखिने यस कविताको भाषाशैली यथार्थमै विशृङ्खलित, अर्थहीन वा निस्सार मानवजीवनजस्तै गह्रुँगो, दुर्बोध्य र फर्सीको जराजस्तै जेलिएर रहेको देखिन्छ ।

### ८.८ विचारतत्त्वको प्रवलता

विचार भन्नाले आशय, सन्देश वा मूलभाव भन्ने बुझिन्छ । यो कविताको अनिवार्य अङ्ग मानिन्छ । भाव वा विचारविना कविताको कल्पना गर्न सकिन्न । अन्य तत्त्वसँग विचार वा भावको संयोजन भएमा मात्र कविता उत्कृष्ट बन्दछ । कवितामा विषयवस्तुका माध्यमबाट भाव वा विचारको प्रक्षेपण गरिन्छ । परम्परागत रूपमा मानव हृदयमा प्रेम, उत्साह, कोध, घृणा, हास्य, शृङ्गार आदि भावहरू रहेका हुन्छन् । तिनै भावहरूलाई कविले

कविताका माध्यमबाट व्यक्त गर्दछ । कविले जीवन र जगत्का समग्रतालाई आन्तरिक भाव वा विचारका रूपमा कलात्मक बनाउँदै कल्पनाशक्तिसँग अन्तर्घुलन गरी भाव निर्माण गरिएको हुन्छ ।

फर्सीको जरा कवितामा परम्परागत कविताका विपरीत विचारतत्त्वको प्रवलता पाइन्छ । कवितामा विषयवस्तु आफैंमा खण्ड-खण्ड चूर्णकहरूबाट निर्माण भएको देखिन्छ । यहाँ कुनै एक भावको प्रावल्यभन्दा प्रयोगधर्मी कविताले अपेक्षा गर्ने मानवीय जीवन र जगत्का असङ्गत-विसङ्गत वा निस्सार पक्षलाई देखाउँदै त्यैभित्र आफ्नो अस्तित्व निर्माण गर्नुपर्ने बताइएको छ । कविताको थालनीमा मानव जीवन चीलको झम्टामा परेको निरीह चल्लाजस्तै मृत्युको प्रतीक्षामा बाँचिरहेको र त्यसका विरुद्ध केही गर्न नसकेको विसङ्गत विचार पाइन्छ भने भूत र भविष्य आफूसँग नरहेका कारण वर्तमानलाई सदुपयोग गरी अस्तित्वशील बन्नुपर्ने आशयसमेत यहाँ पाइन्छ । त्यस्तै मान्छेको अस्तित्व कसैले चाहेर पनि मेट्न सक्दैन भन्दै फर्सीको बियाँबाट अर्को फर्सी उम्रेजस्तै मानवजातिको अस्तित्व सदैव धर्तीमा कायम रहने विचार प्रकट गरिएको छ । तत्कालीन समय पञ्चायती शासकले जनताका हक अधिकारहरू कुण्ठित गरेको थियो र उक्त समय गतिहीन गतिमा चरिहेको थियो । मुट्ठीभरको बन्धनमा आम जनता कैद हुनेजस्तो बिडम्बक परिस्थितिमा देश बाँचिरहेको भन्ने तीतो यथार्थसँगै जनताको आवाज भनेको केवल हुटिट्याउले आकाश थामेजस्तै, झुम्राको पुतलीजस्तै अर्थहीन, निस्सार थियो भन्ने देखिन्छ । कविले लेखक, पत्रकारहरूको कलममाथिको प्रतिबन्धले मानिसको बाँच्न पाउने, पढ्न, खेल्न, हाँस्न पाउने मौलिक हकसमेत कुण्ठित थियो भन्ने देखाउँछ ।

कवितामा जतातततै विसङ्गतिवादी चिन्तन पाइए पनि मान्छे चेतनशील प्राणी भएकोले आफ्नो भाग्य र भविष्य आफैं निर्माण गरी अस्तित्वशील भएर बाँच्नुपर्छ भन्ने अस्तित्ववादी विचारको प्रक्षेपणलाई विशेष जोड दिइएको छ । फर्सीको जराले जमिनलाई च्याप्प समातेजस्तै, पातले धर्ती ढाकेझैं र मुण्टाले निरन्तर माथिमाथि जाने प्रयास गरेजस्तै हामीले पनि भूत कालबाट पाठ सिकेर, वर्तमानमा टेकेर भविष्य निर्माण गर्दै अस्तित्वशील हुनुपर्छ भन्ने मूल विचार यहाँ पाइन्छ । यहाँ आएका कविताका प्रत्येक पङ्क्तिहरू विचारमय छन् र जटिल पनि । पङ्क्तिपिच्छे भावहरूको खोलो बगाउने ध्याउन्नसँगै कुनै एउटै भाव वा विचारलाई जोड्ने भन्दा पनि अलग अलग भाव वा विचारहरूको थुप्रो लगाउने र अपरम्परित शब्द, पदावली र उपवाक्यको प्रयोग गरी उक्त विचारलाई बलशाली बनाउने कविको प्रयास आफैंमा प्रयोगधर्मी देखिन्छ । निस्सारता, व्यर्थता र मृत्युबोधका विसङ्गतिलाई चिरेर आकाश छेड्न उचालिने अस्मिताको चेतनाबीजको गान यस कविताको मुख्य चिन्तनगर्भ भावकेन्द्र (त्रिपाठी २७२) भन्ने विषयले पनि यस कविताको प्रयोगधर्मी विचारपक्षलाई स्पष्ट पारेको छ । तसर्थ अनेक विषय र अनेक शब्दबिम्बको प्रयोग गरी अनेक भाव वा विचारको उद्घाटन गरेर अर्थहीन मानवजीवनजस्तै समग्रतामा खोजिने र अर्थिने प्रयोगधर्मी भावका कारण कविता केही जटिलसमेत बन्न पुगेको छ ।

**८.९ शीर्षक चयनमा नवीनता**

शीर्षक भन्नाले मुख वा आवरण भन्ने बुझिन्छ । शीर्षक कुनै पनि विषय वा व्यक्तिको पहिचान हो । एक अर्थमा कविताको नाम नै शीर्षक हो । शीर्षकले कविताभित्रको मुख्य विचारलाई सङ्केत गरेको हुन्छ । कविताको शीर्षकले कवितामा के कस्ता भावहरू छन् भन्ने कुरालाई सूत्रात्मक रूपमा प्रस्तुत गर्दछ (ढुङ्गेल र दाहाल ६) । परम्परागत कविता सिद्धान्तमा कविताको शीर्षक युक्तिपूर्ण, सारपूर्ण, औचित्यपूर्ण, प्रतिनिधिमूलक र कलात्मक हुनुपर्ने र यस्तो शीर्षकले विविध सम्भाव्यता अनि अनेकार्थकता बोक्न सक्षम हुनुपर्ने बताइएको छ । तर, प्रयोगधर्मी कविहरू यसलाई अस्वीकार गर्दै नवीन शीर्षक चयनमा रुचि राख्दछन् ।

फर्सीको जरा कविताको शीर्षक दुईवटा पद मिलेर बनेको बिम्बपरक रहेको छ । यसको सामान्य अर्थ तरकारी खाइने एक किसिमको लहरो, फुल्ने, माटोमुनि जरा गाडिने वस्तु भन्ने हुन्छ तर कवितामा फर्सीको

जराको अभिधापरक कुनै अर्थ पाइँदैन । माटोमा उम्रेर सदैव उँभोउँभो जान खोज्ने अत्यधिक मात्रमा झाँगिने, फैलने फर्सीको जरा मानवजीवनको प्रतीक बनेर आएको छ । एउटा फर्सीको बीज चारैतिर विस्तार भएझैं मानवमात्रको पनि यसरी नै विस्तार हुनुपर्दछ । फर्सीको झ्याल सुकेपछि मान्छेको भोजन बनेर अर्थहीन भएजस्तै मान्छेको जीवन पनि अर्थहीन, निस्सार छ । मान्छे बाँचुन्जेल मिहिनेत गर्दछ, धन कमाउँछ र मृत्युपछि धनहीन बन्दछ । मान्छे फर्सी र त्यसको मुण्टोजस्तै एकपल, एकक्षण मात्र हो । यति भएर पनि मान्छेले भने आफूलाई सक्रिय तुल्याई आफ्नो अस्तित्वको निर्माणमा लाग्नुपर्दछ । बियाँबाट उम्रेको फर्सीको जराले स्वतन्त्र रूपमा व्यापकतालाई फैलाएजस्तै मान्छेले पनि व्यापकतालाई फैलाउन सक्नुपर्ने विसङ्गतिवादी र अस्तित्ववादी जीवनदृष्टिलाई कवितामा देखाइएको छ । प्रतीकात्मक अर्थ बोकेको शीर्षकले फर्सीको तीन अवस्था (जरा, पात र मुण्टा) तथा समयको तीन अवस्था (भूत, वर्तमान र भविष्य) तीन कालसँग समीकरण गरी अर्थ्याएको अवस्थामा भने कविता अर्थपूर्ण देखिन्छ । मूर्त शीर्षकले अमूर्त भावबिम्बको विस्तृत र व्यापक खोज गर्नु यस शीर्षकको खास प्रवृत्ति हो ।

**८.१० पङ्क्तिगत, अनुच्छेदगत असम्बद्ध भावबिम्ब**

कविता पाठकका लागि लेखिने कारण यो अर्थिने र बुझिने हुनेपर्छ भन्ने सामान्य मान्यता रहेको छ । त्यसका लागि कविताका प्रत्येक पङ्क्ति, अनुच्छेदहरू क्रमबद्ध हुनुपर्दछ । प्रत्येक पङ्क्तिपुञ्ज वा अनुच्छेदका बिचमा एक प्रकारको आन्तरिक अन्वितिले कविताको रसास्वादनमा सहजता ल्याउँदछ । यही मान्यतालाई कविहरूले पालन गर्दै आएका पनि छन् । यस विषयमा प्रयोगात्मक कविहरूको आफ्नै मान्यता रहेको देखिन्छ । मान्छेको जीवन मिलेर चलेको छैन र अनेकन दुःख, सुख, व्यथा, संवेदना आदि समस्याभित्र बाँचेको मानवजीवनलाई सरल ढङ्गमा बुझ्न पनि सकिन्न । त्यस्तो जीवनलाई प्रस्तुत गर्ने कविता पनि अखण्ड र क्रमबद्ध रहन सक्दैन भन्ने मान्यता यिनीहरूको देखिन्छ । यही कारण कवितामा अनेक शब्दबिम्ब, अनेक चिन्हहरू, पङ्क्ति वा अनुच्छेदैपिच्छे फरक भावबिम्बको प्रयोग गरी कवितालाई विशृङ्खलित र दुरुह तुल्याउँदछन् ।

फर्सीको जरा कवितामा पनि पङ्क्तिगत, अनुच्छेदगत असम्बद्ध भावबिम्बको प्रयोग पाइन्छ । कवितामा आएका प्रत्येक पङ्क्तिपुञ्ज वा अनुच्छेदमा अलग अलग भावबिम्बको प्रयोग देखिन्छ । प्रत्येक अनुच्छेदमा शृङ्खला नमिलेका भाव वा विचार पाइनु यस कविताको विशेषता हो । कविताको आरम्भतिरका अनुच्छेदहरूमा वर्तमान समयको विसङ्गत अवस्थालाई विभिन्न बिम्ब प्रतीकका माध्यमबाट देखाएका छन् भने मध्यभागमा विसङ्गतिबिच पनि आशावादी बनी आफ्नो अस्मिता निर्माणमा लाग्नुपर्ने भावबिम्ब पाइन्छ भने अन्त्यतिरका अनुच्छेदहरूमा तत्कालीन गतिहीन र विसङ्गत राजनीतिक गत्यावस्थाबारे असन्तुष्टि पोखिएको छ (खतिवडा ६६) । कविताको भावकेन्द्रलाई समग्रमा समात्न सकिए पनि पङ्क्ति- पङ्क्ति र अनुच्छेद- अनुच्छेदहरूमा भने असम्बद्ध भावबिम्बको विसङ्गत साङ्केतिक अस्तव्यस्तता र शिथिलताको मात्रा धेरै देखिन्छ । खण्ड- खण्ड मानवजीवनको भग्नावस्थाजस्तै एउटै कवितामा पनि अलग अलग भावबिम्ब वा विचारको ज्वारभाटा ओकल्नु र ती भावहरू एक आपसमा नमिल्ने अवस्था पाइनु यस कविताको खास पहिचान हो । यही एउटै शीर्षकमा बाँधिएर पनि अलग अलग विचारप्रवाहको दाइँलाई थाम्ने मुठा मुठाका कुन्युरूपी विचार वा भावहरूको जञ्जालभित्रै एउटा गन्तव्य रोज्ने कविको प्रयोगधर्मी नूतनचेत प्रशंसायोग्य देखिन्छ । यही नवीन प्रवृत्तिका कारण नै फर्सीको जरा कविता प्रयोगात्मक कवितालेखनमा एउटा नयाँ आयाम कोर्न सफल रहेको छ ।

**९ निष्कर्ष**

मोहन कोइराला (१९८३-२०६३) नेपाली काव्यक्षेत्रका महत्त्वपूर्ण प्रतिभा हुन् । खासगरी आधुनिक नेपाली कविताको विकासक्रमको प्रयोगवादी धारा (२०१७-२०२९) का प्रवर्द्धक र संवर्द्धक कोइरालाले आरम्भमा

बुझिसके (२००७) शीर्षकमा स्वच्छन्दतावादी कविता रचना गरे पनि त्यसबाटै परम्पराभिन्न प्रवृत्तितर्फको चिन्ता र चासो देखाएका र यो क्रम बढ्दै गएर २०१७ सालको 'घाइते युग' अझ २०२१ सालको 'फर्सीको जरा' कवितामा आइपुग्दा परिपक्व बनेको देखिन्छ। उनका प्रयोगवादी धारामा लेखिएका कवितामा प्रयोगात्मक प्रवृत्ति पाइन्छ। एक सफल प्रयोगवादी कवित्वचेत भएका उनका कवितामा विषयवस्तु, भाषाशैली, शीर्षक, भावबिम्ब आदि पक्ष नवीन पाइन्छन्। २०२९ पछिका उनका कविताहरू तुलनात्मक रूपमा केही सम्प्रेष्य देखिन्छन्। तसर्थ पूर्णतया प्रयोगात्मक कवित्वचेत कोइरालामा पाउन सकिन्छ। यसको राम्रो उदाहरण फर्सीको जरा कविता बनेको छ। हरेक कोणबाट परम्पराभिन्न यस कवितामा अस्तित्वादी, विसङ्गतिवादी, प्रतीकवादी, समग्रता, विशृङ्खलित र दुरुह भाषाशैली, विचारतत्त्वको प्रवलता, शीर्षकचयनमा नवीता, पङ्क्तिगत, अनुच्छेदगत असम्बद्ध भावबिम्बजस्ता प्रयोगात्मक प्रवृत्तिहरू पाइन्छन्। यस आधारमा फर्सीको जरा आधुनिक नेपाली प्रयोगवादी कविताहरूमध्ये उत्कृष्ट र गहन कविता हो र मोहन कोइराला त्यसका सफल सर्जक हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

## सन्दर्भसामग्रीसूची

कोइराला, मोहन. *मोहन कोइरालाका कविता.* साझा प्रकाशन, २०३०.

खतिवडा, नित्यानन्द 'प्रयोगधर्मी कविता फर्सीको जराको भावभूमि'. *नेपाल,* सम्पा. अशोक भट्टराई.वर्ष ५४, अङ्क ३९, नेपाल विद्यार्थी सङ्घ, २०७१, पृ. ६५-६७.

ढकाल, डिल्लीराम 'अस्तित्ववादको परिचय र प्रवृत्ति'. *कुञ्जिनी,* सम्पा.अविलाल शाह.वर्ष १३, अङ्क १०, साहित्यकुञ्ज, पृ.१२२-१२८. २०६६.

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद. *नेपाली कविता काव्य,* एम्.के.पब्लिसर्स. २०६३.

त्रिपाठी, वासुदेव. *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग- १.* पाँचौं संस्क., साझा प्रकाशन. २०६५.

*नेपाली कविता भाग-४.* सम्पा.त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव.साझा प्रकाशन. २०४६.

*नेपाली बृहत् शब्दकोश.* नवौं संस्क., सम्पा. त्रिपाठी, वासुदेव, दाहाल, वल्लभमणि र पराजुली, कृष्णप्रसाद. नेपाल प्रज्ञा प्रतिष्ठान. २०७२.

बराल, ईश्वर. 'मोहन कोइरालाको कविताको अभिविक्षा'. *मोहन कोइरालाका कविता.* साझा प्रकाशन. २०३०.

भट्टराई, घटराज. *भाषाविज्ञान र साहित्य सिद्धान्त.* सृष्टि प्रकाशन. २०५४.

मिश्र, पवनकुमार. *प्रयोगवादी काव्य.* मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी. सन् १९६६.

शर्मा, सुकुम. 'कवि मोहन कोइराला, कवितायात्रा र लामा कवितालेखनको पृष्ठभूमि'. *कुञ्जिनी.* सम्पा. देवेन्द्र नेपाल, वर्ष १५, अङ्क १२ साहित्यकुञ्ज, २०६४. पृ.७६-८०.

श्रेष्ठ, ईश्वर. *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना: प्रमुख वाद र प्रणाली.* साझा प्रकाशन. २०५४.

*साझा कविता.* नवौं संस्क., सम्पा. बन्धु, चूडामणि. साझा प्रकाशन. २०६७.